नेपाल सरकार
सम्माननीय प्रधान मन्त्री ज्यू को कार्यालय तथा सचिवालय
सिंहदरबार काठमाण्डौं, नेपाल

**विषय : केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा भएका घटनाहरूलाई कारवाही गरीपाउँ भन्ने सम्बन्धमा ।**

१. केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा कार्यालय प्रमुखले राखेका महिला ढोकेहरू राख्न नपाउने विधिमा हुँदाहुँदै पनि सो कार्यालय प्रमुखले महिला ढोके राखीं शारीरिक सम्बन्ध राख्नलाई केरकाप गर्दै आएको र नमानेमा अरुलाई त्यस कार्यालयबाट बाहिर सरुवा गर्ने धम्की दिँदै आएको र शारीरिक सम्बन्ध राख्न दियो भने शारीरिक सम्बन्ध राखी पालैपालो महिला ढोकेलाई चेन्ज गर्ने गरेकोले आज समेत उहाँको २ वर्ष कार्यकालमा ३ जना महिला ढोकेलाई फेरबदली गर्दै आएको, अन्य महिलाहरूलाई पनि बिदाका दिन फोन गरी शारीरिक सम्बन्धको लागि फोर्स गर्दै आएको, नमाने अवैध दुर्व्यवहार गर्दै आएको र निज माथि कारवाही होस् भनी आफूहरूले माग गरेको । निज प्रमुखले आफ्नो निजी निवासको कामको लागि यस प्रयोगशालाका विभिन्न दर्जाका प्र.ह. हरूलाई लैजाँदै आएको ।

२. रिर्जभ ट्याइकी सफा गर्नलाई र निजको फ्याटमा बस्ने मानिसहरू सबैमा समेत घरको सरसफाई कार्यमा लैजाने गरेको र नमानेमा निजले बाहिर सरुवा गर्ने तथा कावाही गर्ने भनी निज विभिन्न दर्जाका व्यक्तिहरूलाई सताउँदै आएको हुनाले निज उपर कुनै पनि कारबाही कार्यालय प्रमुख विरुद्ध आफूहरूले कावाहीको माग गरी पुग्दा पनि कावाही नभएमा सोही पत्र अनुसार अदालतमा वेनामी रिट कार्यालय प्रमुखको नाममा हालिने यसै पत्रका साथ व्यकहोरा जानकारी गराउँछु । सो सम्बन्धमा निजले महिला ढोके राखेको को कि होइन भनी छिड्के चेक जाँच गर्न पठाई निजलाई काब ाही गरी दिनुहोस भनी माग गर्दछौं । निजले पैसा घुस लिंदै DNA रिपोर्ट ढिला गरेको कुरा त मिति २०७५ साल वैशाख १८ र १९ गतेको कान्तिपुर पत्रिकामा निस्केको त यहाँहरूलाई अवगत गराउँछु । निजले बिदाका दिन आफ्नो निजी निवासमा काम गर्न जान नमानेको भनी सोही बिदाको दिन मादक पदार्थ सेवन गरी त्यस दिनको भोलिपल्ट १ जना प्रहरी जवानको सरुवा गरेका थिए र आफू SP भएर पनि म SSP को गाडी चढेको छु, म SSP नै हो भन्दै हिड्ने गरेको अनि निजले बिदाका दिन सरकारी गाडीलाई जग्गा किनबेच गर्न दलालका काममा समेत दुरुपयोग गर्दै आएको हुँदा निज उपर चेक जाँच गरी कारबाही गरी पाउँ भनी विनम्र अनुरोध गर्दछु ।

घरमा काम गर्न राख्न नपाउने कानुनी प्रवधान हुँदा हुँदै पनि सो कार्यालय प्रमुखले जि.प्र.का. काभ्रेबाट सरुवा भै आएका कार्यालय सहयोगीलाई आफ्नो घरको नोकर बनाइ राखेका र केन्द्रमा भर्ना भएका दश जना प्र.ज. लाई ल्याव अशिष्टेन्ट भनि मागि भर्ना खुलाई उनीहरूलाई त्यस कार्यालयको सहयोगी बनाई हामीहरूको भविष्यमाथि खेलवाड गरेको त्यस ठाउँको कार्यालय सहयोगीलाई घरमा राखी सो दश जना लाई कार्यालय सहयोगी बनाएको हुँदा निजको घरमा कार्यालय सहयोग छ छैन भनि चेक जाँच गरी छड्के चेक जाँच गरी कारवाही गरिदिनुहुन अनुरोध गर्दछौं । सो कार्यालयको गाडी मादक पदार्थ सेवन गरी दुई को छेती गराई सो को गाडीको अगाडीको शिसा समेत नक्कली राखेको सो गाडीलाई सरकारी कोषबाट मर्मत गरेको हुँदा निजको ज्यादती विरुद्ध सुचनाको हकलाई गोपनियता राखि कार्वाही गरी म जस्तो कार्यालय सहयोगको उद्धार गरी दिनु हुन नेपाल सरकार संग अनुरोध गर्दछु ।

बोदार्थ :